आज मिति २०७६।०७।२८ गते बिहीवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री निम बहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| | श्री टीका शर्मा वली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| ३. | श्री दिपक कवर | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. | श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| | श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| | श्री सेतिराम रोकाहा | वडा नं. ३ ,वडा अध्यक्ष |
| | श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७. | श्री राम बहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८. | श्री दुर्गा बहादुर मल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| ९. | श्री पुतला खड्का रोकाय | कार्यपालिका सदस्य |
| १०. | श्री अमृता कामी | कार्यपालिका सदस्य |
| ११. | श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| १२. | श्री मञ्जु शाही | कार्यपालिका सदस्य |
| १३. | श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १४. | श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १५. | श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. | श्री किरण गौतम | रोजगार संयोजक |
| १७. | श्री रोमप्रसाद पाण्डेय | शिक्षा शाखा प्रमुख |
| १८. | श्री खुम बहादुर के.सी. | नायब सुब्बा |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. बजेट विनियोजन सम्वन्धमा ।
२. चौमासिक समीक्षा र प्रतिवेदन प्रकाशन सम्बन्धमा ।
३. यातायात गुरुयोजना निर्माण सम्वन्धमा ।
४. स्वास्थ्यचौकीमा कर्मचारी व्यवस्थापन सम्वन्धमा ।
५. ग्रामीण पहुँच कार्यक्रमअन्तर्गत लेन्थ वर्कर व्यवस्थापन सम्बन्धमा ।
६. पशुजन्य उत्पादनको निकासी, पैठारी कर सम्बन्धमा ।
७. लैङ्गिक हिंसासम्बन्धी १६ दिने अभियान सञ्चालन सम्वन्धमा ।
८. वालकल्याण प्रा.वि.को फिल्ड निर्माण, ढाकाडाम स्वास्थ्यचौकी फिल्ड निर्माण र गाउँपालिका फिल्ड निर्माण सम्वन्धमा ।
९. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडास्तरीय निर्देशक समिति गठन सम्बन्धमा ।
१०. शिक्षा समिति पुनर्गठन तथा शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
११. आधारभूत स्वास्थ्य केन्द्र स्थापनाका लागि स्थान छनौट सम्वन्धमा ।
१२. कृषि क्षेत्र विकास कार्यक्रम माग गर्ने सम्वन्धमा ।

**निर्णयहरु :**

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा तपसिल बमोजिमका शीर्षकमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | जलेखर्क-त्रिवेणी-काफलगैरा सडक मर्मत योजना | ५ | ५,००,०००।- | |
| २. | सिमखोली-गोठीवन-त्रिवेणी सडक मर्मत योजना | ५,६ | ३,००,०००।- | |
| ३. | गरेचौर-फारुला-सिलिङ्गी-मौलेखाली सडक मर्मत योजना | २,३,६ | ६,००,०००।- | |
| ४. | किमटाकुरा-बाघखोर-ज्यामिरेचौर सडक मर्मत योजना | ६ | ३,००,०००।- | |
| ५. | लिगाचौर-भिरादेउन-सुनारगाउँ-खलटाकुरी सडक मर्मत योजना | २ | ५,००,०००।- | |
| ६. | रातामाटा-गलाँत-ठुलागैरा सडक मर्मत योजना | ४ | ३,००,०००।- | |
| ७. | चुनेपहर-फारुला-सडक मर्मत तथा चुने पहर सडकमा ड्राई स्टोन वाल निर्माण योजना | ३ | २,००,०००।- | |
| ८. | प्रसूति सेवा केन्द्र निर्माणका लागि फिल्ड निर्माण योजना | ५ | २,५०,०००।- | |
| ९. | ढाकाडाम स्वास्थ्यचौकी खानेपानी योजना (समपुरक) | ५ | ६,४०,०००।- | |
| १०. | सडक तथा विद्यालय मर्मत योजना | सबै वडा | ८,००,०००।- | |
| ११. | दार्मा गाउँपालिकाको भवन घेरबार योजना | ३ | ५,००,०००।- | |
| | जम्मा | | ४८,९०,०००।- | |

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा गाउँपालिकाको चौमासिक समीक्षा मिति २०७६/०८/०९ गते गर्ने साथै दार्मा गाउँपालिकाको हालसम्मको प्रगति प्रतिवेदन प्रकाशनका लागि अध्यक्ष श्री निमबहादुर के.सी.को संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा प्रमुख, योजना शाखा प्रमुख, शिक्षा शाखा प्रमुख, रोजगार संयोजक, सूचना, प्रविधि शाखा प्रमुख, कृषि शाखा प्रमुख र सामाजिक विकास शाखा प्रमुख सदस्य रहने गरी नौ सदस्यीय समिति निर्माण गरियो । हरेक वडा र शाखाले मासिक कार्यतालिकाअनुसार अनिवार्य कार्य सम्पन्न गरी चौमासिक प्रतिवेदन बनाउने निर्णय गरियो ।

३. **प्रस्ताव नं. ३** माथि छलफल गर्दा गाउँपालिकाको यातायातलाई व्यवस्थित गर्नलाई गुरुयोजना बनाउने निर्णय गरियो ।

४. **प्रस्ताव नं. ४** माथि छलफल गर्दा दार्माकोट स्वास्थ्यचौकीमा कार्यरत अ.न.मी. झरना वलीलाई वडा नं. ४ स्थित भल्चौर स्वास्थ्य चौकी रातामाटामा काज सरुवा गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५** माथि छलफल गर्दा ग्रामीण सडक पहुँच कार्यक्रमअन्तर्गत फारुला-मौलेखाली-सिलिङे सडकखण्डमा कार्यरत पुरानै ४ जना लेन्थ वर्करलाई मासिक कम्तिमा ११ दिन काम गर्नेगरी लगाउने निर्णय गरियो । साथै मौलाहाल्ने-रातामाटा सडकखण्डका लागि वडा नं. ४ ले छनौट गरेका ४ जना लेन्थ वर्करलाई मासिक कम्तिमा ११ दिन काम गर्नेगरी लगाउने निर्णय गरियो । पुराना लेन्थ वर्करले काम गर्न नचाहेमा वडाले सिफारिस गरेका कामदारलाई मङ्सिर १ गतेदेखि काममा खटाउने निर्णय गरियो ।

६. **प्रस्ताव नं. ६** माथि छलफल गर्दा गाउँपालिकाको पशुजन्य उत्पादनको निकासी, पैठारीका लागि तपसिल बमोजिमको कर शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

| क.सं. | पशुको किसिम | एकाई | कर शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १. | भेडा, बाखा | प्रति गोटा | रु. ५।- | |
| २. | कुखुरा | प्रति गोटा | रु. १।- | |
| ३. | बङ्गुर | प्रति गोटा | रु. ५।- | |
| ४. | गाई, भैंसी | प्रति गोटा | रु. १०।- | |
| ५. | कुकुर, बिरालो | प्रति गोटा | रु. ५०।- | |

पशु बन्ध्याकरण

| क.सं. | पशुको किसिम | एकाई | कर शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १. | बोका | प्रति गोटा | रु. २५।- | |
| २. | साँढे | प्रति गोटा | रु. ५०।- | |
| ३. | राँगो | प्रति गोटा | रु. ७५।- | |

७. **प्रस्ताव नं. ७** माथि छलफल गर्दा लैङ्गिक हिंसासम्बन्धी १६ दिने अभियान मिति २०७६/०८/०९ गतेदेखि २४ गतेसम्म सबै वडामा पुगी विविध कार्यक्रम गरी मनाउने निर्णय गरियो ।

८. **प्रस्ताव नं. ८** माथि छलफल गर्दा बालकल्याण प्रा.वि. वडा नं. २ घुसखोला, ढाकाडाम स्वास्थ्यचौकी वडा नं. ५ त्रिवेणी र गाउँपालिकाको फिल्ड तथा पार्किङस्थल निर्माण गर्ने निर्णय गरियो ।

९. **प्रस्ताव नं. ९** माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशन तथा अनुगमन गर्न सम्वन्धित वडाअध्यक्षको संयोजकत्वमा सम्पूर्ण जनप्रतिनिधि, वडासचिव र वडाले चयन गरेका ३ जना वडाका अगुवासहित ९ सदस्यीय निर्देशक समिति तपसिल बमोजिमको मितिमा गठन गर्ने निर्णय गरियो । काममा खटिएका कामदारहरुलाई प्राविधिक इस्टिमेट अनुसार काम गर्न निर्देशन गर्ने तथा नियमित अनुगमन गर्नेगरी समितिलाई जिम्मेवारी दिने निर्णय गरियो । सोही समितिले वडामा निवेदन दिएका बेरोजगार व्यक्तिहरुलाई कार्यविधिअनुसार छनौट गरी सिफारिस गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

| क.सं. | वडा नं. | मिति | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. १ | २०७६/०८/०३ | |
| २. | वडा नं. २ | २०७६/०८/०२ | |
| ३. | वडा नं. ३ | २०७६/०८/०८ | |
| ४. | वडा नं. ४ | २०७६/०८/०५ | |
| ५. | वडा नं. ५ | २०७६/०८/०६ | |
| ६. | वडा नं. ६ | २०७६/०८/०४ | |

१०. **प्रस्ताव नं. १०** माथि छलफल गर्दा गाउँपालिकाको गाउँ शिक्षा समितिमा कार्यपालिकाबाट छनौट गरी पठाएका प्रतिनिधिहरुको २ वर्षे पदावधि सकिन लागेको हुँदा तपसिल बमोजिमका प्रतिनिधिहरु छनौट गरी पठाउने निर्णय पारित गरियो ।

| | |
|---|---|
| पुतला खड्का रोकाय | गाउँपालिका सदस्य |
| हिरा खड्का | गाउँपालिका सदस्य |
| कमलबहादुर चन्द | प्रधानाध्यापक प्रतिनिधि |

साथै गाउँ शिक्षा समितिको मिति २०७६/०७/२८ गतेको बैठकले गरेका निर्णयहरु अनुमोदन गरियो ।

११. **प्रस्ताव नं. ११** माथि छलफल गर्दा गाउँपालिकामा आधारभूत स्वास्थ्य केन्द्र स्थापनाका लागि वडा नं. २ को झयारिबाङ, वडा नं. ३ को बाँसठाना र वडा नं. ६ को ज्यामिरेचौर स्थान छनौट गर्ने निर्णय गरियो ।

१२. **प्रस्ताव नं. १२** माथि छलफल गर्दा कृषि क्षेत्र विकास कार्यक्रमका लागि कृषि क्षेत्र विकास कार्यक्रम बागचौरमा तपसिल बमोजिमका कार्यक्रम माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | बीउ उत्पादन, बजारीकरण | दार्मा गा.पा. वडा नं. ४ र ५ | |
| २. | तरकारी पकेट क्षेत्र | दार्मा गा.पा. वडा नं. ३ र ५ | |
| ३. | सुन्तला पकेट क्षेत्र निर्माण | दार्मा गाउँपालिका वडा नं. १, ४ र ६ | |
| ४. | सिचाइ योजना | दार्मा गाउँपालिकाका सम्पूर्ण वडाहरुमा | |
| ५. | केरा पकेट क्षेत्र | दार्मा गाउँपालिका वडा नं. २ | |